# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

दशरथ माध्यमिक विद्यालय, साडेपानी, कैलालीमा प्रा.वि. तहमा कार्यरत शिक्षिका श्रीमती मधुदेवी जोशीले लामो समयदेखि भारतबाट एस.एल.सी.पास गरेको नक्कली सर्टिफिकेट पेश गरी सेवा सुविधा लिइरहेको हुँदा आवश्यक कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षिका मधु कुमारी भण्डारी (जोशी) ले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, बोर्ड अफ हाइस्कूल एण्ड इण्टरमिडियट एजुकेशन, यू.पी. बाट प्राप्त हाइस्कुल परीक्षा (एस.एल.सी. सरह) उत्तीर्ण भएको झुट्टा शैक्षिक प्रमाणपत्र पेश गरी श्री दशरथ माध्यमिक विद्यालय, साडेपानी, कैलालीमा प्रा.वि. द्वितीय तह (निजी श्रोत) को शिक्षक पदमा नियुक्ति भई सरकारी लाभसमेत लिएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज शिक्षिका मधु कुमारी भण्डारी (जोशी) लाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता